प्रमुख प्रशासकीय अधिकृत

धुनिवेशी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
जुगेडी, धादिङ
बागमती प्रदेश, नेपाल

सेवा करारमा पदपूर्ती गर्ने सम्बन्धी सूचना !

सूचना प्रकाशित मितिः- २०८३।०७।०९

प्रस्तावित धुनिवेशी नगर अस्पताल सञ्चालनका लागि तपसिल बमोजिमका पदहरु करार सेवामा पदपूर्तीका लागि यो सूचना प्रकाशित गरिएको छ । खुल्ला प्रतिष्पर्धाको माध्यमबाट सेवा करार सम्झौता बमोजिम करार सेवामा कामकाज गर्न इच्छुक तपसिल बमोजिमको योग्यता पुगेका नेपाली नागरिकले तोकिए बमोजिमको मिति, समय र स्थानमा आफ्नो विवरण सहित रितपूर्वक दरखास्त फारम भरी पेश गर्नुहुन जानकारी गराईन्छ ।

तपसिलः-

सि. नं.	विज्ञापन नं.	सेवा	समुह	पद	तह	आवश्यक शैक्षिक योग्यता	आवश्यक पद संख्या	दरखास्त दस्तुर
१	०८३।०८४-१	स्वास्थ्य	ज.हे.स.	मेडिकल अधिकृत	अधिकृत आठौं	मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.बि.बि.एस वा सो सरह उत्तिर्ण गरी एन.एम.सि. परिक्षा उत्तिर्ण गरेको	१ (एक)	१,२००।-
२	०८३।०८४-२	स्वास्थ्य	डेन्टिष्ट्रि	डेन्टल हाइजिनिष्ट,	सहायक स्तर पाँचौं	मान्यता प्राप्त शिक्षण संस्थाबाट डेन्टल हाइजिन विषयमा प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरेको र स्वास्थ्य व्यवसायी परिषदमा दर्ता भएको हुनुपर्नेछ ।	१ (एक)	७००।-

१. **दरखास्त दिने स्थानः-** धुनिवेशी नगरपालिका, नगरकार्यपालिकाको कार्यालय, जुगेडी, धादिङमा दरखास्त पेश गर्नुपर्नेछ । दरखास्त फारम नगरपालिकाको स्वास्थ्य शाखाबाट प्राप्त हुनेछ ।

२. **दरखास्त दिने अन्तिम मितिः-** २०८३ कार्तिक ३० गते भित्र,

३. **छनौटको किसिमः-** धुनिवेशी नगरपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धि कार्यविधि-२०७४ (पहिलो संशोधन २०८२) बमोजिम । (लिखित र अर्न्तवार्ता)

४. **आवेदन साथ संलग्न कागजातहरुः-** आवेदक स्वयंले प्रमाणित गरेको देहाय बमोजिमको कागजातको प्रतिलिपिहरु

क. नागरिकता ख. न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्र ग. चारित्रिक प्रमाणपत्र
घ. काम सँग सम्बन्धित अनुभव भए सोको कागजात ङ. तालिम लिएको भए सोको प्रमाणपत्र
च. सम्बन्धित काउन्सिलको प्रमाणपत्र छ. ३ प्रति पासपोर्ट साइजको फोटो

५. **सेवा, सुविधा तथा अन्यः-** नेपाल सरकारद्धारा निर्धारित तलवमान बमोजिमको शुरु तलब स्केल र नियमानुसारका अन्य सेवा सुविधाहरु ।

६) **सेवा करार अवधिः-** आ.व.२०८३।०८४को आषाढ मसान्त सम्म (आवश्यकता अनुसार सेवा करार अवधि थप गर्न सकिने) ।

७) **दावि एवं शर्त सम्बन्धि व्यवस्थाः-** करारमा काम गरेको आधारमा पछि कुनै पनि किसिमको पदमा अस्थायी वा स्थायी नियुक्ति हुनका लागि दावी गर्न पाइने छैन ।

८) तोकिए बमोजिमको शैक्षिक योग्यता हासिल गरेको र प्रचलित कानून बमोजिम अयोग्य नभएको हुनु पर्नेछ ।

९) **उमेरः-** डेन्टल हाइजिनिष्टको लागि १८ वर्ष र मेडिकल अधिकृतको लागि २१ वर्ष पूरा भई ४० वर्ष ननाघेको हुनुपर्नेछ ।

आवेदनको ढाँचा र अन्य जानकारी धुनिवेशी नगरपालिकाको वेभसाइट dhunibeshimun.gov.np बाट प्राप्त गर्न सकिने छ ।

-धुनिवेशी नगरपालिका